# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ नगर कार्यपालिका बैठक संख्याः- १८

नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
कोशी प्रदेश, नेपाल
स्था. २०७३

मितिः- २०८२।०१।१८ गते बिहीबार

बैठक प्रारम्भः- बिहान ७:३० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १८ औं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १८

मिति:- २०८२।०१।१८ गते बिहीबार

बैठक प्रारम्भ:- बिहान ७:३० बजे

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. नगरपालिका स्थापना दिवस सम्वन्धमा ।

३. विविध

क. महिला क्षमता विकास कार्यक्रम संचालन सम्वन्धमा ।

ख. खानेपानी इन्टेक निर्माण सम्वन्धमा ।

ग. सार्वजनिक सुनुवाईलाई सम्वोधन सम्वन्धमा ।

घ. प्रतिवेदन सम्वन्धमा ।

ङ. योजनाको शीर्षक परिवर्तन तथा संशोधन सम्वन्धमा ।

च. विपन्न नागरिकलाई सहायता तथा अन्य विपद् सहयोग सम्वन्धमा ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को कार्यपालिका बैठक संख्याः- १८

मितिः- २०८२।०१।१८ गते बिहीबार

बैठक प्रारम्भः- बिहान ७:३० बजे

<u>निर्णयहरु</u>

<u>निर्णय नं. १.</u> प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ वैशाख ५ गते बसेको १७ औं कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं.१,२,३ र ४ विविध क,ख,घ,ङ,च,छ,ज कार्यान्वयनमा गएको र प्रस्ताव नं. ४ विविध प्रस्तावहरु कार्यान्वयनको प्रक्रियामा रहेको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. २.</u> प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको ११ औं स्थापना दिवस यहि मिति २०८२ वैशाख २४ र २५ गते भव्यता साथ मनाउन मिति २०८२ वैशाख २५ गते अस्पतालको अति आवश्यक सेवा बाहेक सार्वजनिक विदा दिइने निर्णय गरियो ।साथै स्थापना दिवसको अवसरमा चैनपुर नगरपालिका र ललितपुर महानगरपालिका बीच भगिनी सम्बन्धमा कायम गर्न संझौताको खाका तयार गरि संझौताको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

क. चैनपुर नगरपालिकाको ११ औं स्थापना दिवस समारोहमा कोशी प्रदेश सभा सदस्य माननीय विदुर कुमार लिंथेपज्यूलाई प्रमुख अतिथिको निमन्त्रणा गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३ विविध</u>

क. चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय महिला बालबालिका तथा समाज कल्याण शाखा अन्तर्गत आर्थिक बर्ष २०८१।०८२ मा महिला क्षमता विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिमका संघ संस्थाहरुलाई कार्यक्रम संचालनका लागि कार्यक्रम दिइने निर्णय गरियो ।साथै सबै संघ संस्थालाई बढीमा १ लाख सम्मको कार्यक्रम पेश गर्ने निम्न संघ संस्थालाई पत्रचार गर्ने र उक्त कार्यक्रमका सहभागीहरु सबै वडाहरुबाट गराउनु पर्ने छ ।

| | | | |
|---|---|---|---|
| १. बोधी जागृत महिला संस्था | चैनपुर | डिजिटल साक्षरता कार्यक्रम | खराङ्ग |
| २. नारी एकता अभियान सञ्जाल | चैनपुर | वित्तीय साक्षरता कार्यक्रम | चैनपुर |
| ३. अधिकारको लागि सहकार्य समिति | चैनपुर | साइबर क्राइम कार्यक्रम | चैनपुर |
| ४. सिद्धकाली महिला शसक्तिकरण | चैनपुर | मनोसामाजिक परामर्श कार्यक्रम | पोखरी |

ख. सशस्त्र प्रहरी बल नेपाल ४ नं. गुल्म हे. क्वा. अरुण संखुवासभा चैनपुरको माग निवेदन बमोजिम गुल्मको खानेपानी आयोजना संचालन भएको मुहान क्षेत्रमा इन्टेक निर्माण गर्नुपर्ने भएको हुँदा प्राविधिक ल.ई.अनुसार काम सम्पन्न गर्ने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिकाको आयोजनामा मिति २०८२ वैशाख १३ गते संचालन भएको सार्वजनिक सुनुवाई कार्यक्रम उठेका प्रश्न,जिज्ञासा तथा सुझावहरु नगर कार्यपालिका बैठकमा समिक्षा गर्दै सो विषयलाई आगामी दिनहरुमा कार्यालयको तर्फबाट सम्बोधन गरि अगाडी बढ्ने निर्णय गरियो ।

घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरी सम्बन्धमा मिति २०८२ वैशाख ५ गते गठन भएको छानविन समितिले पेश गरेको अध्ययन प्रतिवेदन कार्यपालिका बैठकमा व्यहोरा अवगत भयो ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को कार्यपालिका बैठक संख्याः- १८

मितिः- २०८२।०१।१८ गते बिहीबार

बैठक प्रारम्भः- बिहान ७:३० बजे

ङ. चैनपुर नगरपालिका १६ औं नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार चैनपुर नगरपालिका विभिन्न वडाहरुको देहायका योजनाहरुको नाम संशोधन गर्ने निर्णय गरियो ।साथै अनुमोदनका लागि आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | रकम | क स | संशोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | वडा नं.९ भित्र खानेपानी व्यवस्थापन चैनपुर ९ | १०००००| | १ | भगवती आ.बि.धोर्ले विद्यालय भवन निर्माण अपुग चैनपुर ९ | १०००००। | |
| २ | सर्वमंगला आ वि जुनियर रेडक्रस सर्कल चैनपुर ३ | २५०००। | २ | सर्वमंगला आ वि कक्षाकोठा मर्मत चैनपुर ३ | २५०००। | |

च. चैनपुर नगरपालिकाको विभिन्न वडाहरुबाट विपद्का कारण क्षति भई सहयोग माग तथा दीर्घरोगीहरु उपचारको लागि आर्थिक सहयोग माग भई आएकोले तपसिल अनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

तपसिल

| सि नं. | नाम थर | ठेगाना | विपद् | दीर्घरोग | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | सविता राई शेर्पा | चैनपुर १ | आगलागी | | ३६०००। | ३ वण्डल |
| २ | दिलबहादुर राई | चैनपुर ११ | आगलागी | | ३६०००। | ३ वण्डल |
| ३ | देवका खत्री | चैनपुर ८ | | दीर्घरोगी | २००००। | |

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक ११:२२ बजे यही अन्त्य गरियो।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।